# व्यक्तिगत विवरण सुरक्षित राखौं, साईवर अपराधबाट जोगिऔं

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दाः

➢ बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं।

➢ अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं।

➢ अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं।

➢ ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं। त्यस्ता कल पटक पटक आए ब्लक गरौं।

➢ आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं।

**पोखरा महानगरपालिका**
**वडा नं. ३१**

# महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीं हुन सक्दछ।
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्दछन्।
- पीडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिंसाका घटनामा कमी आउन सक्छ।
- त्यसैले नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी कुनैपनि पीडकलाई उम्कन नदिऔं।

पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

**पोखरा महानगरपालिका**
**वडा नं. ३१**

# जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**पोखरा महानगरपालिका**

**वडा नं. ३१**

# बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

**पोखरा महानगरपालिका**
**वडा नं. ३१**

# मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

पोखरा महानगरपालिका
वडा नं. ३१

# पोखरा महानगरपालिका
## वडा नं ३१ वडा कार्यालय

# डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु

**डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ । यसका लागि लामखुट्टेको नियन्त्रण नै उत्तम उपाय हो । लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं ।**

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- लामखुट्टेको टोकाईबाट बच्न मल्हम वा मच्छर धुप जस्ता सामाग्रीहरु प्रयोग गर्ने ।
- राती र दिउसो सुत्दा झुलभित्र मात्र सुत्ने ।
- घर वरपर वा खेतवारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाईबाट बच्न ध्यान पुरयाउने ।

**लामखुट्टेलाई फुलपार्न नदिन अपनाउनु पर्ने उपायहरु**

- पानी राख्ने भाँडाहरु जस्तै : ट्याङकी, गाग्री, दहिको कतारो, बाल्टीन, ड्रम आदि सधै छोपेर राख्ने ।
- घर वरपर पानी जम्न नदिने, खाल्डाखुल्डी पुर्ने र घर आगन सफा राख्ने ।

# पोखरा महानगरपालिका वडा नं. ३१

## बेगनासताल, कास्की

नेपालीहरुको महान् चाड दशैं, तिहार, छठ, नेपाल सम्वत् उधौली, उभौली लगायतका चाडपर्वहरुको उपलक्ष्यमा सम्पुर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

## चाडपर्वको अवसरमा वडावासीहरुमा पोखरा ३१ वडा कार्यालयको अनुरोध

- ✓ १. चाडपर्वलाई धेरै भड्किलो र आर्थिक रुपमा बोझिलो नबनाऔं ।
- ✓ २. चाडपर्वका बेलामा हुन सक्ने चोरी र ठगीबाट सर्तक रहौं ।
- ✓ ३. कुनै पनि सामान खरिद गर्दा उत्पादकको नाम, ठेगाना, दर्ता, परिणाम, तौल मूल्य, उत्पादन मिति, उपभोगको म्याद समाप्त हुने मिति हेरेर मात्र खरिद गरौं ।
- ✓ ४. कम नापतौल, कालोबजारी, नाफाखोरी, मूल्यवृद्धि, मिसावट, कृतिम अभाव भएमा उपमहानगरपलिकामा उजुरी गरौं ।
- ✓ ५. कुनै पनि सामान खरिद गरि सकेपछि अनिवार्य रुपमा बिल लिने दिने बानी बसालौं ।
- ✓ ६. दशैंका बेला मासु किन्दा जाली तथा सिसा लगाएको, सर-सफाई गरिएको र फिजमा रखिएको मासु मात्र खरिद गरौं । २४ घण्टा डिपफ्रिजमा राखिएको मासु स्वस्थकर हुन्छ ।

